**आकाशवाणी समाचार- नेपाली**

मितिः ०१ फरवरी २०२६

समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)

## प्रमुख समाचार

- प्रधानमंत्री नरेन्द्र मोदी आज संत गुरु रविदासको 649औ जयंतीमा पंजाबको भ्रमणमा रहनुहुनेछ। श्री मोदी आदमपुर हवाई अड्डा जानुहुनेछ अनि त्येस हवाईअड्डाको नाम परिवर्तन गरेर श्री **गुरु रविदास जी हवाई अड्डा, आदमपुर राख्नुहुनेछ**।

- वित्त मंत्री निर्मला सीतारामनले आज लोकसभामा वर्ष 2026-27 को केन्द्रीय बजट पेश गर्नुहुनेछ।

- विदेश मंत्री डॉ. सुब्रह्मण्यम जयशंकरले भन्नुभएको छ कि आतंकवाद प्रति शून्य सहनशीलता एक अडिग अनि सार्वभौमिक मानदंड हुनुपर्नेछ।

- भारतीय तटरक्षक बलले आज आफ्नो स्थापनाको 50औ वर्षगांठ मनाईरहेको छ जो लगभग 5 दशकको राष्ट्र प्रति समर्पित अनि निस्वार्थ सेवाको प्रतीक हो।

- भारतले पांच टी-टवेंटी क्रिकेट मैचहरुको श्रृंखलाको पाचौ र अंतिम मैचमा न्यूजीलैंडलाई 46 रनले पराजित गरेको छ अनि श्रृंखला चार-एकले आफ्नो नाम गरेको छ।

## प्रधानमंत्री-पंजाब भ्रमण

प्रधानमंत्री नरेन्द्र मोदी आज संत गुरु रविदासको 649औ जयंतीमा पंजाबको भ्रमणमा रहनुहुनेछ। श्री मोदी आदमपुर हवाई अड्डा जानुहुनेछ अनि त्येस हवाईअड्डाको नाम परिवर्तन गरेर श्री **गुरु रविदास जी हवाई अड्डा, आदमपुर राख्नुहुनेछ**। प्रधानमंत्री कार्यालयले पूज्यनीय संत अनि समाज सुधारकलाई सम्मान दिनको लागि यो नामकरण गरिएको बताएको छ। गुरु रविदास जी को समानता, करुणा अनि मानवीय गरिमाको शिक्षाले भारतको सामाजिक मुल्यहरुलाई प्रेरित गरिरहन्छ। प्रधानमंत्रीले लुधियानाको हलवारा हवाई अड्डामा टर्मिनल भवनको पनि उद्घाटन गर्नुहुनेछ। यो टर्मिनल भवनले राज्यको लागि एक नया प्रवेश द्वार स्थापित गर्नेछ जसले लुधियाना अनि छेउछाउको औद्योगिक अनि कृषि क्षेत्रहरुको आवश्यकताहरुलाई पूरा गर्नेछ। हलवारामा भारतीय वायु सेनाको एक रणनीतिक रूपले महत्वपूर्ण केन्द्र पनि हो। लुधियानाको पुरानो हवाई अड्डाको रनवे अपेक्षाकृत सानो थियो जो सानो आकारका बिमानहरुको लागि उपयुक्त थियो। कनेक्टिविटीमा सुधार अनि ठुला विमानहरु समायोजित गर्नको लागि हलवारामा एक नया नागरिक एन्क्लेव विकसित गरिएको छ जसको रनवे लामो छ अनि ए320 **जस्ता** विमानहरुको संचालनमा सक्षम छ।श्री मोदी जालंधर जिल्लाको डेरा सचखंड बल्लन पनि जानुहुनेछ जहां उहाले संत गुरु रविदास जी लाई श्रद्धांजलि अर्पित गर्नुहुनेछ अनि उहाको सम्मानमा आयोजित एक सार्वजनिक कार्यक्रममा भाग लिनुहुनेछ।

## राष्ट्रपति रविदास

संत रविदासको जयंती आज देशभरिमै मनाइन्दै छ। उहा 14औ शताब्दीको संत अनि उत्तर भारतमा भक्ति आंदोलनको संस्थापक हुनुहुन्थ्यो। यो दिवस हिन्दू कैलेण्डर अनुसार माघ महीनाको पूर्णिमाको दिन मनाईने गरिन्छ। यस अवसरमा श्रद्धालुहरुले वाराणसीमा गुरु रविदास जन्म स्थान मंदिर गोवर्धनपुरमा एकत्र भएर उहाको जयंती मनाउद छन्। राष्ट्रपति द्रौपदी मुर्मुले गुरु रविदासको जयंतीमा मानिसहरुलाई शुभकामना दिनुभएको छ।

## निर्मला बजट

वित्त मंत्री निर्मला सीतारामनले आज लोकसभामा वर्ष 2026-27 को केन्द्रीय बजट पेश गर्नुहुनेछ। बजट पेश भए पछि यसको प्रति राज्यसभामा पटलमा राखिनेछ। नरेन्द्र मोदी सरकारको तेस्रो कार्यकालको यो तेस्रो बजट हो। बजट तैयार गर्न भन्दा पहिला वित्त मंत्रीले विशेषज्ञहरु अनि अर्थशास्त्रिहरु , व्यापार संगठनहरु , शिक्षा अनि स्वास्थ्य क्षेत्र, सूक्ष्म लघु अनि मध्यम उद्यम, व्यापार अनि सेवा उद्योग, वित्तीय क्षेत्र अनि पूंजी बाज़ारका प्रतिनिधिहरु लगाएत अन्य बिभिन्न हितधारकहरुसित परामर्श बैठक गर्नुभयो। कृषि मंत्री शिवराज सिंहले पनि कृषि अनि ग्रामीण विकाससित संबंधित विभिन्न बिषयहरु बारे बजट पूर्व व्यापाक परामर्श गर्नुभयो अनि सुझावहरुको संकलित रिपोर्ट वित्त मंत्रीलाई प्रस्तुत गर्नुभयो।

बाइट-जयशंकर

नयाँ दिल्लीमा भारत-अरब विदेश मंत्रिहरुको बैठकको सह-अध्यक्षता गर्दै डॉ. जयशंकरले अरब जगत सित भारतको सम्बन्धहरुलाई दिईने महत्व माथि जोर दिनुभयो। उहाले व्यापार, ऊर्जा, प्रौद्योगिकिहरु , संपर्क अनि जन सम्बन्धहरुमा सहयोगको महत्वलाई रेखांकित गर्नुभयो। उहाले भन्नुभयो - दिल्ली घोषणा अनि वर्ष 2026-28 को कार्यकारी कार्यक्रमलाई अपनाए पछि भारत-अरब साझेदारीलाई दह्रिलो बनाउनमा धेरै सहयोग पुग्नेछ। डॉ. जयशंकरले भन्नुभयो कि भारतको अरब संघ (एलएएस) का सबै देशहरु सित बलियो सम्बन्ध छ अनि यसको जराहरु इतिहासमा गहिरो छ। उहाले भन्नुभयो यो बैठक यस्तो महत्वपूर्ण समयमा भैरहेको छ , जब वैश्विक व्यवस्था विभिन्न कारणहरुले परिवर्तनको बाटो अपन्याएको छ अनि राजनीति, अर्थव्यवस्था, प्रौद्योगिकी तथा जनसांख्यिकी सबैले पूर्ण रुपमा प्रभावी भूमिका निभाईरहेको छ। विदेश मंत्रीले भन्नुभयो कि बिगत केहि बर्षहरुमा पश्चिम एशियामा धेरै घटनाक्रम भएको छ अनि त्येस मद्धे धेरैलाई प्रभाव क्षेत्रबाट बाहिर पनि व्यापक रूपले महसूस गरिएको छ। विशेष रूपले गाजाको स्थिति अंतरराष्ट्रीय समुदायको लागि चिंताको विषय रहेको उहाले अझ बताउनुभयो।

**बाइट-जयशंकर**

## जयशंकर - भारत-अरब विदेश मंत्रियों की बैठक

विदेश मंत्री डॉ. सुब्रह्मण्यम जयशंकरले भन्नुभएको छ कि आतंकवाद प्रति शून्य सहनशीलता एक अडिग अनि सार्वभौमिक मानदंड हुनुपर्नेछ। हिज नयाँ दिल्लीमा आयोजित द्वितीय भारत-अरब विदेश मंत्रिहरुको बैठकको उद्घाटन संबोधनमा डॉ. जयशंकरले भन्नुभयो कि आतंकवाद आफ्नो सबै रूपहरु अनि अभिव्यक्तिहरुमा भारत अनि अरब देशहरुका लागि एक साझा खतरा हो। उहाले यस वैश्विक अभिशापसित जुझ्नको लागि अंतरराष्ट्रीय सहयोगलाई अझ बलियो बनाउने आवश्यकता माथि जोर दिनुभयो।

## नितिन नबीन - गोवा भ्रमण

भारतीय जनता पार्टीका राष्ट्रीय अध्यक्ष नितिन नबीनले गोआको तलेगांव कम्युनिटी हॉलमा शक्ति प्रदर्शन गर्दै आगामी वर्ष हुने विधानसभा चुनावको लागि चुनावी शंकघोश गर्नुभएको छ। **'कार्यकर्ता सम्मेलन'** लाई संबोधित गर्दै उहाले पार्टी कार्यकर्ताहरुसित राज्यको प्रतेक बूथमा कम्तिमा पनि 50 प्रतिशत वोट प्राप्त गर्ने लक्ष्य सित अघि बढ़ने आग्रह गर्नुभयो।डबल इंजन सरकारको सफलता बारे उल्लेख गर्दै उहाले भन्नुभयो कि राज्यमा बर्ष 2014 मा प्रति व्यक्ति आय एक लाख बारह हजार रुपियाँ थियो जो 2023-24 मा बढेर लगभग तीन लाख रुपियाँ भएको छ। राज्यमा आर्थिक गतिविधिहरुमा पनि तिब्रता आएको छ अनि दुईवटा हवाई अड्डाहरुको संचालन, एक्सप्रेस-वे को विस्तार, नयाँ राष्ट्रीय राजमार्ग अनि आधुनिक फ्लाईओवर सहित ढांचागत परियोजनाहरुको उन्नयन भएको छ। मुख्यमंत्री डॉ. प्रमोद सावंतले श्री नबीनको नेतृत्व माथि विश्वास व्यक्त गर्दै भाजपालाई 2027 को विधानसभा चुनावमा जीत प्राप्त हुने बताउनुभयो। बैठकमा नवीन तथा नवीकरणीय ऊर्जा राज्य मंत्री श्रीपाद नाइक, राज्यसभा सांसद सदानंद शेट तनावाडे अनि विभिन्न राज्यहरुका मंत्रि अनि विधायकहरुले भाग लिए।

## तटरक्षक बल - स्थापना दिवस

भारतीय तटरक्षक बलले आज आफ्नो स्थापनाको 50औ वर्षगांठ मनाईरहेको छ जो लगभग 5 दशकको राष्ट्र प्रति समर्पित अनि निस्वार्थ सेवाको प्रतीक हो। बर्ष 1977 मा मात्र सात पोत सित शुरू भएको भारतीय तटरक्षक बल आज 155 पोत अनि 80 विमानहरुको एक ठूलो समुद्री शक्तिको रूपमा विकसित भएको छ। तटरक्षक बल, वर्ष 2030 सम्म 200 पोत अनि 100 विमानहरुको आफ्नो लक्ष्य प्राप्त गर्नको लागि तत्पर छ।समुद्री चुनौतिहरुको सामना गर्न अनि भारतको बढ़दो समुद्री हितहरुको रक्षा गर्नको लागि पहिलो फरवरी 1977 मा भारतीय तटरक्षक बलको गठन गरिएको थियो। आत्मनिर्भर भारत अनि मेक इन इंडियाको अनुरूप, भारतीय तटरक्षक बल स्वदेशी रूपमा निर्मित पोतहरु, विमानहरु , हेलीकॉप्टरहरु अनि उन्नत निगरानी प्रणालिहरु सामेल गरेर आत्मनिर्भरता तर्फ अग्रसर छ।

## झारखण्ड-सीबीआई जांच

झारखंडमा केन्द्रीय अन्वेषण ब्यूरो-सीबीआई ले पचास हजार रुपियाँको घुस लिएको मामलामा रांचीमा तैनात सेनाका एक हवलदार अनि एक व्यक्तिलाई पक्राउ गरेको छ। यो मामला तीस जनवरीमा दर्ता गरिएको थियो। शिकायत प्राप्त भएको थियो कि हवलदारले सेनाको भूमिमा निर्माण कार्य गर्ने अनुमति दिनको लागि पांच लाख रुपियाँ मागेका थिए अनि यसको एक हिस्साको रूपमा पचास हजार रुपियाँ लिएका थिए। सीबीआई ले हवलदारलाई घुस लिईरहेको समयमानै पक्राउ गरे पछि अघिको जांचमा जुटेको छ।

## लातविया - भीषण ठंड

बाल्टिक देश लातवियामा मौसम विभागले बताए अनुसार हिज देशमा तापमान शून्य देखि 32 डिग्री सेल्सियस भन्दा कम्ति दर्ता गरियो। उत्तरी यूरोपको यस देशमा यस सप्ताह बिगत 12 बर्षहरुमा सबैभन्दा भीषण ठण्डा भएको छ। लातवियाको अधिकांश भागहरुमा तापमान शून्य देखि 26 डिग्री सेल्सियस कम्ति रह्यो।लातवियाको अग्नि अनि राहत तथा आपात चिकित्सा सेवाले मानिसहरुसित हीटिंग उपकरणहरुको सावधानीसित उपयोग गर्ने अनि आफ्नो सुरक्षाको ध्यान राख्ने आह्वान गरेको छ।

## क्रिकेट

भारतले पांच टी-टवेंटी क्रिकेट मैचहरुको श्रृंखलाको पाचौ र अंतिम मैचमा न्यूजीलैंडलाई 46 रनले पराजित गरेको छ अनि श्रृंखला चार-एकले आफ्नो नाम गरेको छ। तिरुवनन्तपुरममा गए राति भारतले पहिले ब्याटिंग गर्दै निर्धारित बीस ओवरमा पांच विकेटको नोक्सानीमा 271 रन बनाएको थियो। ईशान किशनले सबै भन्दा अधिक 103 र कप्तान सूर्य कुमार यादवले 63 रन बनाए। जवाबमा न्यूजीलैंडको पूरा टीम 225 रनमा सीमित रह्यो। प्रारम्भिक ब्याट्सम्यान फिन ऐलनले 38 बल्लमा 80 रन बनाए। भारतको तर्फबाट अर्शदीपले पांच अनि अक्षर पटेलले तीन विकेट लिए।ईशान किशनलाई प्लेयर ऑफ द मैच अनि कप्तान सूर्य कुमार यादवलाई श्रंखलाको सर्वश्रेष्ठ खिलाडी घोषित गरियो।

## बैडमिंटन

बैंकाकमा, थाईलैंड मास्टर्स बैडमिंटन टूर्नामेंटमा महिला सिंगल्सको फाइनलमा आज भारतको देविका सिहागको प्रतिस्पर्धा मलेशियाको गोह-जिन-वेईसित हुनेछ। यो मैच भारतीय समय अनुसार मध्यान्ह 12 बजेर 10 मिनटमा शुरू हुनेछ।यसभन्दा पहिले, देविकाले हिज सेमीफाइनलमा हुआंग यू ह्सूनलाई लगातार सेटहरुमा 22-20, 21-13 ले हराए।